प्रति शेयर रु. १००/–अंकित दरका २०,०८,८७८.४७ कित्ता हकप्रद साधारण शेयर निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रू. १००/- प्रति शेयरको दरले

कम्पनी ऐन, २०६३, अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोबार गर्ने

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
(७५ जिल्ला कार्यक्षेत्र भएको)
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, डिल्लीबजार, काठमाण्डौं,फोन नं.:०१–४४१३२३२, फ्याक्स नं.०१–४४२२१४५
Email: info@lumbinibikasbank.com, Website:www.lumbinibikasbank.com

स्वीकृत विवरण मार्फत साविकका शेयरधनीहरुलाई निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडले मिति २०७४/०८/११ मा "[ICRANP] Grade 4" प्रदान गरिएको छ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति : २०७४/१०/११ गते
निष्काशन बन्द हुने मिति : २०७४/११/१६ गते
(बैकिङ्ग समय पश्चात)

को

१० कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको
हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

हाल कायम चुक्ता पूँजी रु.२,००,८८,७८,४६८/–को (१०: १) (अर्थात् विद्यमान दश कित्ता साधारण शेयर बराबर नयाँ एककित्ता साधारण शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि रु.२०,०८,८७,८४७/– बराबरको प्रति शेयर रु. १००।– अंकित दरका २०,०८,८७८.४७ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७४/०९/१३

क) संगठित संस्थाको नाम :
लुम्बिनी विकास बैंक लिमिटेड (LUMBINI BIKASBANK LIMITED)

ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालयः

यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३० (साविक वडा नं. ३३), डिल्लीबजारमा रहेको छ।

ग) कारोबार स्थान :

यस विकास बैंकको कारोबार गर्ने मुख्य स्थान काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३० (साविक वडा नं.३३), डिल्लीबजारमा रहेकोछ भने राष्ट्रियस्तरको विकास बैंकको रुपमा रहेकोले देशका बिभिन्न जिल्लाहरुमा गरि हालसम्म ५७ वटा शाखा कार्यालयबाट बैंकिङ्ग कारोबार गरिआएकोमा निकट भविष्यमै थप केही शाखाहरु खुल्ने क्रममा रहेको र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको नीति निर्देशनको अधिनमा रही थप शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ।

घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०३/०३ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भैबैकिङ्ग कारोबार गरिरहेको साविकको भिबोर सोसाइटी डेभलपमेन्ट बैंक लिमिटेडमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धि विनियमावली २०७३ बमोजिम साविकको लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड गाभिई मिति २०७४/०३/२५ गते देखि लुम्बिनी विकास बैंक लिमिटेडको नामबाट एकीकृत बैंकिङ्ग कारोबार संचालन गर्दै आईरहेको छ। यस विकास बैंकका संस्थापक तथा संचालकहरुमा बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र, उद्योग, व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्। नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित नेपाल कानुनको अधिनमा रही विकास बैंक सम्बन्धी कारोबार गर्ने यस विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको स्थापना,विकास,बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक,व्यापारिक एवं कृषि र अन्य क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने।
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, बिस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने, र
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ्य प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

ङ) शेयर पूँजीको संरचना :

१) **अधिकृत पूँजी** : विकास बैंकको अधिकृत पूँजी रु.५,००,००,००,०००/– रहेकोछ। जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका ५,००,००,००० कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ।
२) **जारी पूँजी :** विकास बैंकको जारी पूँजी रु.२,२०,९७,६६,३१५/– रहेकोछ। जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका २,२०,९७,६६३.१५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
३) **चुक्ता पूँजी :** हाल विकास बैंकको चुक्ता पूँजी रु.२,००,८८,७८,४६८/– रहेकोछ, जसलाई प्रति शेयर रु.१००/– अंकित मूल्यका २,००,८८,७८४.६८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत मार्फत् निष्काशन गरिने हकप्रद शेयरको बाँडफाँड पश्चात् विकास बैंकको चुक्ता पूँजी रु.२,२०,९७,६६,३१५/– हुनेछ।

च) हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक	१,१२,७१,३८५.९१	५१%	१,१२,७१,३८,५९१/-	शत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,०८,२६,२७७.२४	४९%	१,०८,२६,२७,७२४/-	शत प्रतिशत
	जम्मा	**२,२०,९७,६६३.१५**	**१००%**	**२,२०,९७,६६,३१५/-**	

छ) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ।

क्र.सं.	नाम, थर, ठेगाना	पद	शैक्षिक योग्यता	व्यावसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	श्री सुशील राज पराजुली पोखरा उ.प.न.पा-१५,कास्की।	अध्यक्ष	प्रमाणपत्र तह	• दुग्ध तथा दुग्धजन्य उत्पादन उद्योगको व्यसायिक अनुभव। • वित्तीय क्षेत्रमा संचालक को हैसियतमा कार्य अनुभव तथा अन्य व्यवसायिक क्षेत्रको अनुभव। • विद्यालय तथा कलेज संचालनको लामो समयको अनुभव • विभिन्न सामाजिक संघ संस्थामा आवद्ध, समाजसेवीको रुपमा परिचित।	संस्थापक शेयरधनी समूह
२.	डा.रुप ज्योति जमल, वडा नं १,काठमाण्डौं।	संचालक	पि.एच.डि	• सन् २००५ डिसेम्बर ८ देखी २००६ अप्रिल सम्म नेपाल सरकारको अर्थ राज्यमन्त्री • सन् २००५ जुलाई १६ देखी डिसेम्बर ७ सम्म अर्थ सहायक मन्त्री • वित्तीयक्षेत्रमा संचालक को हैसियतमा अनुभव • बिभिन्न उत्पादनमुलक तथा सेवामुलक व्यवसायमा आवद्ध • व्यवसायिक घरना ज्योति समुहको उपाध्यक्ष • विभिन्न सामाजिक संघ संस्थामा बिभिन्न पदमा कार्य अनुभव।	संस्थापक शेयरधनी समूह
३.	श्री चिन्तामणि भट्टराई वडा नं १, काठमाण्डौं।	संचालक	एम.बि.ए	• पर्यटन व्यवसाय संग सम्वद्ध भई होटल व्यवसाय संचालनको लामो अनुभव। • वित्तीय क्षेत्रको व्यवस्थापनमा करिब २५ वर्षको कार्यानुभव। • बिमा क्षेत्रमा संचालक समितिमा रही कार्य गरेको कार्यानुभव • रोटरी क्लबमा लामो समय देखि आवद्ध। • साविक लुम्बिनी फाईनान्समा अध्यक्षको रुपमा अनुभव	संस्थापक शेयरधनी समूह
४.	श्री अशोक राज पाण्डे चारखालअड्डा, डिल्लीबजार, काठमाण्डौं।	संचालक	एम.बि.ए	• वित्त/व्यवस्थापन विषयमा लामो अनुभव • सफा टेम्पो उत्पादन तथा संचालनमा लामो समय देखि आवद्ध • शैक्षिक संस्थाहरुसंग आवद्ध रही प्रिन्सिपलको हैसियतमा कार्यानुभव। • वित्तीय क्षेत्रमा संचालकको हैसियतमा कार्यानुभव।	सर्वसाधारण शेयरधनी समूह
५.	श्री राजेश कुमार अग्रवाल काठमाण्डौं-२५, काठमाण्डौं।	संचालक	एस.एल.सी	• फलाम, सिमेन्ट तथा अन्य उत्पादनमुलक उद्योग लगायत सेवा मुलक क्षेत्रको व्यवसायिक अनुभव • उद्योग तथा ब्यापार क्षेत्रमा बिगत लामो समयको अनुभव • वित्तीय क्षेत्रमा संचालकको हैसियतमा कार्यानुभव।	सर्वसाधारण शेयरधनी समूह
६.	श्री गणेश राज रेग्मी खिलुङ्ग देउराली-७, स्याङ्जा।	संचालक	बि.कम	• शेयर लगायत अन्य क्षेत्रमा लगानी सम्बन्धी व्यवसायको कार्यानुभव • लेखा/अडिट क्षेत्रमा सम्वद्ध रही लामो समय कार्य गरेको अनुभव। • पर्यटन व्यवसायसंग सम्वद्ध होटल क्षेत्रमा वित्त निर्देशकको अनुभव • विगतमा सहकारी संस्था अध्यक्षको भुमिकामा कार्यानुभव।	सर्वसाधारण शेयरधनी समूह

नोट : स्वतन्त्र व्यवसायिक बिशेषज्ञ संचालक नियुक्त हुन बाँकी रहेको।

प्रमुख कार्यकारीअधिकृतको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम	पद	योग्यता	ठेगाना	अनुभव
श्री झलक प्रसाद खनाल	प्रमुख कार्यकारी अधिकृत	एम.बि.ए	हाँडिगाँउ, काठमाडौं	बैंकिङ्ग क्षेत्रमा २४ बर्षको अनुभव : ➢९ बर्ष : नेपाल ईन्डोस्वेज बैंक लि.➢६ बर्ष : नेपाल ईन्भेष्टमेन्ट बैंक लि. ➢३ बर्ष ७ महिना : ज्योति विकास बैंक लि. (प्रमुख कार्यकारी अधिकृत)➢९ महिना : सिद्धार्थ डेभलपमेन्ट बैंक लि. (प्रमुख कार्यकारी अधिकृत) ➢२०६९ पौष देखी हाल सम्म लुम्बिनी विकास बैंक लि. (साविक भिबोर विकास बैंक लि.) को प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत

ज) सञ्चालक समितिको बनौट :

यस विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :–

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ जना
जम्मा	**७ जना**

झ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर एक शेयर (१०:१) को अनुपातमा प्रति शेयर रु. १००/– का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन्। यदि कुनै साविक शेयरधनीले आफ्नो कायम हकभन्दा बढी शेयर खरिद गर्नको लागि आवेदन दिएमा सो बढी माग गरेको शेयरलाई बाँडफाँटमा समावेश गरिने छैन। साविक शेयरधनीहरुले आफ्नो कायम हक भन्दा कम शेयरका लागि पनि आवेदन दिन सकिनेछ। आफ्नो कायम हकभन्दा कम शेयर खरिद गर्नको लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

ञ) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै संचालक समितिले अत्यन्त पारदर्शी तरिकाले (जस्तै लिलाम बढाबढ) तरिकाद्वारा बिक्री गरिनेछ।

ट) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर एक शेयर (१० : १) को अनुपातमा दरखास्त दिनु पर्नेछ। यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ। यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ।

ठ) संगठित संस्थाको विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पुंजी तथा दायित्व	वास्तविक (रु. हजारमा)				०७४/०७५	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आश्विन मसान्तसम्म	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
१. शेयर पूँजी	२,१५४,१८२	२,२२७,५०४	२,३७१,८७९	२,३७०,४७७	२,००८,८७८	२,५७१,३६४	२,५७१,३६४	२,५७१,३६४
२. जगेडा तथा कोषहरु	(४८४,१८०)	(१३५,०४७)	२०८,४८३	६८०,९२४	८३३,८५८	८२०,२९४	९६७,१९८	१,३१९,७५६
३. ऋणपत्र तथा वण्ड	–	–	–	–	–	–	–	–
४. तिर्न बाँकी कर्जा सापट	–	१६५,०००	५,०००	३१९,९७१	७९,४५४	३६७,९६६	४२३,१६१	४८६,६३६
५. निक्षेप दायित्व	१०,०११,७२८	१२,०६०,६५०	१६,१४८,५४४	१७,९२८,०४५	१८,४५६,७४८	२२,७६८,६१७	२८,४६०,७७१	३५,५७५,९६३
६. भुक्तानी दिनु पर्ने बिलहरु	१,२५१	१०,००४	१३,७७०	२,१२१	–	२,३३३	२,५६७	२,८२४
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	–	–	–	–	–	३८५,७०५	४८८,५५९	५१४,२७३
८. आयकर दायित्व	३१,६६६	२६,८०६	७५,०७१	–	७३,८२१	–	–	–
९. अन्य दायित्व	५९८,२१८	२८७,१४४	३३४,६३५	८९३,०८९	२,००१,०३६	१,११६,३६१	१,२८३,८१५	१,४७६,३८७
कुल पूँजी तथा दायित्व	**१२,३१२,८६५**	**१४,६४२,०६१**	**१९,१५७,३८३**	**२२,१९४,६२६**	**२३,४५३,७९५**	**२८,०३२,६४१**	**३४,१९७,४३५**	**४१,९४७,२०३**

सम्पत्ति	वास्तविक (रु. हजारमा)				०७४/०७५	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आश्विन मसान्तसम्म	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
१.नगद मौज्दात	३०६,४६६	२५८,१३०	३०९,६६८	३५५,३६१	३५४,७६५	३९०,८९८	६८४,०७१	७५२,४७८
२.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४४५,०२१	५३६,७७६	६५०,३९२	९९६,०४९	९६७,६९५	१,०९५,६५४	१,६४३,४८२	१,९७२,१७८
३.बैंक/बित्तीय संस्थामा रहेको मौज्दात	१,४८४,८००	१,९१३,७८७	२,८८३,४५३	३,२८१,३६४	२,६७९,६०९	३,७३४,०७९	४,२७२,६६३	५,८६८,९९०
४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	५६१,६४३	७६३,८५१	९३५,५०८	–	–	–	–	–
५.लगानी	५३९,०५४	५५१,९७९	८८५,८५२	१,००१,९०६	१,८७५,४११	१,१५२,१९२	१,३२५,०२१	१,५२३,७७४
६.कर्जा सापट तथा बिल खरिद	८,१६९,५२३	९,७१७,४२३	१२,६९५,५९४	१५,१७८,७१६	१५,९००,०८५	२०,०६०,१३५	२४,४५६,७४६	२९,८३७,२३०
७.स्थिर सम्पत्ति	२७१,७०४	२६६,८९३	२८३,८६७	३०१,३२६	३२१,४८०	३६१,५९१	३९७,७५०	४१७,६३८
८.गैर बैंकिंङ्ग सम्पत्ति	–	–	–	–	६५,५७९	–	–	–
९.अन्य सम्पत्ति	५३४,६५४	६३३,२२४	५१३,०४९	१,०७९,९०३	१,२८९,१७१	१,२३८,०९१	१,४१७,७०२	१,५७४,९१५
कुल सम्पत्ति	**१२,३१२,८६५**	**१४,६४२,०६१**	**१९,१५७,३८३**	**२२,१९४,६२६**	**२३,४५३,७९५**	**२८,०३२,६४१**	**३४,१९७,४३५**	**४१,९४७,२०३**

नोटः
*आ.ब.०७३/०७४ को वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हो।

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)				०७४/०७५	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आश्विन मसान्तसम्म	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
१. व्याज आम्दानी	१,३१९,६२४	१,२६०,९११	१,५१३,१०८	१,९५७,०८१	५१३,३४१	२,५५५,४२४	३,१४९,७९२	३,९९८,३२६
२. व्याज खर्च	८८६,२१४	७७६,१४७	८२०,१००	१,१५४,२८८	४०५,४९८	१,५५५,४४६	१,६४६,८४७	२,०५६,८६६
खुद ब्याज आम्दानी	**४३३,४०९**	**४८४,७६३**	**६९३,००७**	**८०२,७९२**	**१०७,८४३**	**९९९,९७८**	**१,५०२,९४५**	**१,९४१,४६०**
३. कमिशन तथा डिस्काउण्ट	११,१२९	१०,९७२	८,५४७	१०,०९५	१,७३७	१२,६१९	१५,१४२	१८,१७१
४. अन्य संचालन आम्दानी	७५,७९६	४८,९८४	१०६,१८३	१०६,४२५	२३,६७७	१३३,०३२	१५९,६३८	१९१,५६६
५. सटही घटबढ आम्दानी	३२१	२८४	२९९	–	७०	–	–	–
कुल संचालन आम्दानी	**५२०,६५५**	**५४५,००३**	**८०८,०३६**	**९१९,३१२**	**१३३,३२७**	**१,१४५,६२८**	**१,६७७,७२५**	**२,१५१,१९६**
६. कर्मचारी खर्च	१३८,६९४	१५५,१०१	१८३,९०८	२२८,६०३	६३,१६१	२७४,३२४	३१५,४७३	३६२,७९४
७. अन्य संचालन खर्च	१८९,२८०	१७९,४२२	१८५,९९२	२२०,७८०	५२,९६३	२८०,५४८	३३६,६५८	४०३,९८९
८. सटही घटबढ नोक्सान	५	१३४	–	३५८	–	–	–	–
सम्भावित नोक्सनी व्यवस्था अघिको संचालन मुनाफा	**१९२,६७६**	**२१०,३४५**	**४३८,१३६**	**४६९,५७०**	**१७,२०३**	**५९०,७५६**	**१,०२५,५९५**	**१,३८४,४१३**
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	८२१,११२	१७४,३४५	२०९,६५८	२३,१०२	२५,८३३	–	७६,३१०	७६,४७९
संचालन मुनाफा/(नोक्सान)	**(६२८,४३६)**	**३६,०००**	**२२८,४७९**	**४४६,४६८**	**(८,६३०)**	**५९०,७५६**	**९४९,२८५**	**१,३०७,९३४**
१०.गैर संचालन आम्दानी/(नोक्सान)	(१७,७९६)	२९,९१३	१२९,२७१	३७,३४८	३३,११५	४४,८१७	४९,२९९	५४,२२९
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	३७१,६११	३२७,८१८	४००,४२४	२७,८०६	–	१८९,५४५	–	–
नियमित कारोबारबाट भएको मुनाफा	**(२७४,६२२)**	**३९३,७३२**	**७५८,१७४**	**५११,६२२**	**२४,४८५**	**८२५,११८**	**९९८,५८४**	**१,३६२,१६३**
१२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च)	(६२,९१३)	(१५,३७४)	(३३,७२५)	५,६१४	८८९	–	–	–
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	–	–	–	–	–
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	**(३३७,५३५)**	**३७८,३५८**	**७२४,४४९**	**५१७,२३६**	**२५,३७४**	**८२५,११८**	**९९८,५८४**	**१,३६२,१६३**
१३.कर्मचारी बोनस व्यवस्था	४,८६८	३४,३९६	६५,८५९	४७,०२१	२,३०७	७५,०११	९०,७८०	१२३,८३३
१४.आयकर ब्यबस्था	१६,४९३	(८१,३०५)	१६२,८०९	–	६,९२१	२२५,०३२	२७२,३४१	३७१,४९९
यस वर्षको	४२,०४१	२६,३५३	७४,७५८	–	६,९२१	–	–	–
गत वर्षको	१२८	४५३	८८१	–	–	–	–	–
पर सारिएको आयकर आम्दानी/(खर्च)	(२५,६७६)	(१०८,११२)	८७,१६९	–	–	–	–	–
खुद मुनाफा/(नोक्सान)	**(३५८,८९६)**	**४२५,२६७**	**४९५,७८१**	**४७०,२१५**	**१६,१४६**	**५२५,०७५**	**६३५,४६३**	**८६६,८३१**
शेयर संख्या (हजारमा)	२१,५४१.८२	२१,५४१.८२	२२,२७५	२०,०८९	२०,०८९	२५,७१३.६४	२५,७१४	२५,७१४
प्रति शेयर आम्दानी (रु.)	(१७)	२०	२२	२३	३.२१	२०	२५	३४

नोटः*आ.ब.०७३/०७४ को वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हो।

अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ।

सम्पत्ति	वास्तविक (रु. हजारमा)				०७४/०७५	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आश्विन मसान्तसम्म	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
चुक्ता पुंजी	२,१५४,१८२	२,२२७,५०४	२,३७१,८७९	२,३७१,८७९	२,३७१,८७९	२,५७१,३६४	२,५७१,३६४	२,५७१,३६४
जगेडा तथा कोषहरु	(४८४,१८०)	(१३५,०४७)	२०८,४८३	५४१,३७७	४७०,८५७	६८२,१५१	७८५,१४२	९५६,७०२
कुल	**१,६७०,००३**	**२,०९२,४५७**	**२,५८०,३६२**	**२,९१३,२५७**	**२,८४२,७३६**	**३,२५३,५१५**	**३,३५६,५०७**	**३,५२८,०६६**
घटाउने : अपलेखन गर्न बाँकी खर्च	–	१२०	८५	१,९८३	१,३१३	१,८८४	१,८६५	२,०५२
कुल नेटवर्थ	१,६७०,००३	२,०९२,३३७	२,५८०,२७७	२,९११,२७४	२,८४१,४२३	३,२५१,६३१	३,३५४,६४२	३,५२६,०१४
शेयर संख्या (हजारमा)	२१,५४२	२२,२७५	२३,७१९	२३,७१९	२३,७१९	२५,७१४	२५,७१४	२५,७१४
प्रति शेयर नेटवर्थ (रु.)	७८	९४	१०९	१२३	१२०	१२६	१३०	१३७
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	(२१.४९)%	२०.३२%	१९.२१%	१६.१५%	२.२७%	१६.१५%	१८।९४%	२४।५८%
निष्काशनपूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा								

नोटः*आ.ब.०७३/०७४ को वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हो।

ड) संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरुसँग हुने प्रतिस्पर्धाबाट आउन सक्ने जोखिमहरु।
ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव।
घ) देशको राजनैतिक अस्थिरता एवँ आर्थिक उतारचढावबाट आउन सक्ने जोखिमहरु।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु।
च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु।

यस विकास बैंकको सञ्चालनको इतिहास १० वर्ष भन्दा बढी रहेको छ। विकास बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन्। यस विकास बैंकले वित्तीय बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुर्‍याएको छ। यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम
रु. १००।- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

ढ) हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

१) स्वीकृत विवरण अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस हकप्रद निष्काशन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरको (१० :१) को अनुपातमा (विद्यमान दश शेयर बराबर नयां एक शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
२) प्रत्येक शेयरधनीले हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाण पत्र नम्बर वा डिम्याट नम्बर तथा आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।
३) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ। यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर रहेमा एउटै आवेदन फारम भरी दरखास्त दिन सक्नेछ।
४) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या बापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको दरखास्त फारममा तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।
५) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
६) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।
७) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा ऊजुरी परेमा सोको निवारणका लागि यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।
८) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
९) शेयरको बाँडफाँड भई नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात बाँडफाँडमा परेका हितग्राही खाता भएका शेयरधनीहरुलाई हकप्रद शेयर अभौतिक रुपमा निजहरुबाट उपलब्ध गराईएको हितग्राही खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाईने छ र डिम्याट खाता नभएका शेयरधनीहरुले यस कम्पनीको शेयर डिम्याट गरे पश्चात वा आफ्नो हितग्राही खाता नम्बर यस विकास बैंकको शेयर रजिष्ट्रारलाई उपलब्ध गराए पश्चात निजको खातामा जम्मा गर्ने व्यवस्था मिलाईने छ।
१०) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनु पर्नेछ।

ण) यस विकास बैंकको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (रु.) हजारमा
०७१/०७२	१७७	१६५	१६६	१३३६.२१२
०७२/०७३	१७८	१६९	१७४	२०२.५६३
०७३/०७४	१९९	१८९	१९३	८८३.९३८

आर्थिक वर्ष २०७४/७५ को पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण :

महिना	अधिकतम शेयर मूल्य(रु)	न्युनतम शेयर मूल्य (रु)	अन्तिम शेयर मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
भाद्र	२२३	१९९	२०८	१५४.१०१
आश्विन	२१८	२००	२१५	११५.६१५
कार्तिक	२२०	१९६	१९७	१६६.०५०
मंसिर	२०४	१९१	१९५	४९.०७९

द्रष्टव्य : विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्स्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

त) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत् निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" ले गरेको व्यवस्था बमोजिम डेभलपमेन्ट बैंकले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र कम्पनीको सञ्चालक समितिले बाँडफाँड गरी वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ। साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत निष्काशित धितोपत्र अभिलेख गराउने व्यवस्था गरिनेछ।

थ) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयर वितरण गरी नेपाल स्टक एक्स्चेन्ज लिमिटेड तथा सिडिएसमा दर्ता गराइ धितोपत्रको कारोबार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गरिनेछ।

द) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका सेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ। यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको।
ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने।
ग) संगठित सस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको हुनुपर्ने।
घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको।
ङ) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको।
च) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको।
छ) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने।
ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ।

ध) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकबाट चुक्ता पूँजी बृद्धि सम्बन्धमा जारी निर्देशन वमोजिम विकास बैंकको पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरिएको।
२) विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप नवौं वार्षिक साधारण सभाबाट (१० :१) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।
३) विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
४) विकस बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि विकास बैंकको शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरि विकास बैंकको स्थितिलाई बढी मजवुत तुल्याइ राख्न।

न) निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ।

सि.नं.	विवरण	रकम
१	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिब रु.४,०१,७७,५६९।४०
२	पूँजीगत खर्चहरु	करिब रु.१,००,००,०००।००
३	लगानी	करिब रु.१२,००,००,०००।००
४	सरकारी सुरक्षणपत्रमा लगानी	करिब रु.२,००,००,०००।००
५	शाखा विस्तार	करिब रु.१,०७,१०,२७७।६०
	जम्मा	**करिब रु.२०,०८,८७,८४७/–**

प) हकप्रद शेयर विक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा पैतिस (३५) दिन हुनेछ। सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुप बढीमा थप पन्ध्र (१५) दिनका लागि दरखास्त खुल्ला राख्न सकिनेछ।

फ) निष्काशन बैंक (बैंकर टु द ईस्यु) को नाम तथा ठेगाना :

सि.नं.	बैंकको नाम, ठेगाना	खाता नं.
१	श्री प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौं।	१३५११६००६३१८१६००००७

यस हकप्रद शेयरको निष्काशन तथा विक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा एक कार्य दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

ब) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं।
२. श्री लुम्बिनी विकास बैंक लिमिटेड र यसका सम्पुर्ण शाखा कार्यालयहरु।
३. श्री भिबोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुर।
४. श्री नेपाल धितोपत्र वोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्धारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर विक्री बन्द भएको पन्ध्र (१५) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेशगरिनेछैन। साथै दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्रि प्रबन्धकको वेबसाईटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिने व्यवस्था रहेको छ।

धितोपत्र निष्काशनको क्रममा बोर्डबाटस्वीकृत भएको विवरण सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (soft copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ।यस्तो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले निष्काशन तथा विक्री प्रवन्धकको website :www.prabhucapital.com तथा निष्काशन कम्पनीको website: www.lumbinibikasbank.comमा समेत राख्ने व्यवस्था गरिनेछ।

भ) संचालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर बापतको रकम जम्मा गरेको सम्बन्धमा

यस विकास बैंकको संचालकहरु तथा आधारभूत शेयरधनीहरुले जम्मा गर्नुपर्ने शतप्रतिशत रकम रु. ४,८९,२८,६००/- मध्ये रकम रु.४,८८,७१,८००/- (चार करोड अठासी लाख एकहत्तर हजार आठ सय मात्र) भुक्तानी गरिएको व्यहोरा अवगत गराउँदछौं।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेड, कमलादि, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारमको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्काशन खुल्ला मिति : २०७४/१०/११ गते
निष्काशन बन्द हुने मिति : २०७४/११/१६ गते (बैकिङ्ग समय पश्चात)

प्रति शेयर रु. १००/-अंकित दरका २०,०८,८७८.४७ कित्ता हकप्रद साधारण शेयर निष्काशन

कम्पनी ऐन, २०६३, अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने
लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
(७५ जिल्ला कार्यक्षेत्र भएको)
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, डिल्लीबजार, काठमाण्डौं,
फोन नं.:०१–४४१३२३२, फ्याक्स नं.०१–४४२२१४५
Email: info@lumbinibikasbank.com, Website:www.lumbinibikasbank.com

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

संस्थापक ☐
सर्वसाधारण ☐

को
हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं. :

मार्फतः प्रभु क्यापिटल लिमिटेड (A Subsidiary of Prabhu Bank Ltd.)

कोड नं.: ☐☐☐
शेयरधनी नं./परिचय नं. ☐

श्री संचालक समिति,
लुम्बिनी विकास बैंक लिमिटेड
डिल्लीबजार, काठमाडौं, नेपाल।

हितग्राही खाता नं. DP ID ☐ Client ID ☐

महाशय,

त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/०९/२० गतेका दिनसम्म जम्मा (भौतिक/अभौतिक)............................कित्ता शेयर कायम रहेको र सो शेयरको शत् प्रतिशत रकम चुक्ता भैसकेको हुँदा कम्पनीले जारी गरेको दश शेयर बराबर एक शेयर (१० : १) को अनुपातमा ....कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा............................कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक).....................कित्ता गरि जम्मा......................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु. १००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक
	In English	Mr./Mrs./ Miss/Minor
ठेगाना	घर नं./वडा नं.	टोल / गा.पा./न.पा. / जिल्ला
Address	House No./Ward No.	Tole / RM/Municipality / District
सम्पर्क ठेगाना		
PAN No.		Phone No. / Mobile No.
ना.प्र.प.नं./जारी स्थान		Email ID
बाबुको नाम		
Father's Name		
बाजेको नाम		
Grandfather's Name		
पति/पत्नीको नाम		
संरक्षकको नाम (नाबालक भएमा)		
Guardian's Name (Incase of Minor)		

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरी आर्जन गरेको होइन। साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाईको विवरण साँचो हो। झुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।
द्रष्टव्य : १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा फारम स्वतः रद्द हुनेछ।
४. आफ्नो हक हस्तान्तरण, (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि ११ को ढाँचा बमोजिमको निवेदनमा हक हस्तान्तरण गरिदिनेको दस्तखत प्रमाणित गरि हकप्रद शेयर दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ। साथै हक हस्तान्तरण गर्न चाहने शेयरधनी महानुभावहरुले चुक्ता रकमको १ (एक) प्रतिशत शुल्क बुझाई छुट्टै हक हस्तान्तरण फाराम भरी बैंकको शेयर निस्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लि. कमलादी, काठमाडौंमा बुझाउनु पर्नेछ।
५. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः प्रभु क्यापिटल लिमिटेड (A Subsidiary of Prabhu Bank Ltd.)

हकप्रद शेयर खरिद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.:
शेयरधनी नं./परिचय नं. ☐

Shareholder's Name	
Company's Name	LUMBINI BIKAS BANK LIMITED
No. of Shares Applied	Call Money per Share Rs. 100 / Amount Deposited (Rs)
Amount in Words	

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date :
Stamp
Code No. ☐☐☐

चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।
DP ID ☐
Client ID ☐

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)